# साझा यातायातको ऐतिहासिक बिवरण

- नेपाल सरकारको विभिन्न निकायहरु, संघ संस्था तथा सर्वसाधारण नागरिकहरु लगायतको शेयर लगानीमा **सहकारी ऐन २०१६ अर्न्तगत वि. सं. २०१८ साल चैत्र ३ गते** साझा यातायात सहकारी संस्था लि.को **स्थापना भएको** हो । संस्थाले **२०१९ साउन १ गते देखी काठमाण्डौ उपत्यकामा शहरी यातायात सेवा शुरु** भयो ।

- **आ. ब. २०२५/२६ को अन्तसम्ममा संस्था संग २४ वटा बस र ४८ वटा ट्रक गरि जम्मा ७२ वटा सबारी साधन थिए ।**

- जनताको विचमा अति लोकप्रिय, सेवामूलक, भरपर्दो एक मात्र संगठित संस्था साझा यातायात **२०२६ सालको मध्यतिर घाटामा गएको कारण देखाई तत्कालिन सरकारले केहि समय बन्द गरेको थियो ।**

- साझा **यातायात २०२६ साल पौष देखि २०३१ सालको अन्तसम्म नेपाल यातायात संस्थान अर्न्तगत संचालित भयो**

- **बि.सं २०३० सालदेखि लामो दुरीमा बससेवा प्रारम्भ भयो ।**

- यात्रु सेवालाई भरपर्दो, व्यवस्थीत बनाउन र संस्थालाई स्वायत्तता प्रदान गर्ने उद्देश्यले २०३२ सालमा नेपाल यातायात संस्थान र साझा यातायात बीचको सम्पूर्ण हिसाब राफ-साफ गरी साझा यातायातलाई स्वायत्त संस्थाको रुपमा स्थापित गरियो ।

- नेपाल सरकार, तत्कालिन तेजारथ अडड्बाट साझा यातायातलाई सरकारी लगानीको रुपमा **२०३४ सालमा** उपलब्ध गराएको ऋण रु ८,९६,९२०/- शेयरमा रुपान्तरण गरीएपछि **नेपाल सरकार पनि लगानीकर्ताको रुपमा साझामा सहभागी भयो ।**

- संस्थाको भौतिक पूवार्धारको बिकासको निमित्त पूर्व सञ्चालक समितिका सदस्य श्री कमलमणि दीक्षितज्यूको पहलमा ललितपुरको पुल्चोकमा स्वर्गीय रानी जगदम्बा कुमारीज्यूबाट साझा यातायातलाई २२ रोपनि जग्गा अनुदानमा प्राप्त भयो ।

- वि.सं **२०३७ सालमा मित्र राष्ट्र जापान सरकारको** काठमाडौं शहरी विकास गर्ने आयोजना अर्न्तगत अनुदान **सहयोगमा** नेपाल सरकार मार्फत यस संस्थालाई **३५ वटा इसुजु बस र २०४३ सालमा ४७ वटा मित्सुबिशि बस** तथा प्राविधिक उपकरण, भवन, वर्कशप निर्माण लगायतमा सहयोग प्राप्त भई संस्थाको आधुनिकीकरण र विस्तार भएको । साथै **२०५० साल असार ३१** मा ऋण बिमोचन कोषको रकम प्रयोग गरि **३५ वटा टाटा बसहरु** संस्थालाई प्राप्त भयो ।

- वि.सं २०४६ सालको परिवर्तन पछाडि साझा यातायातमा अत्याधिक मात्रामा राजनैतिक हस्तक्षेपको कारण संस्थाको साधन र श्रोत भन्दा बढी कर्मचारी भर्ना भएको, पटक पटक संस्था प्रमुखमा फेरबदल गरी संस्थाले उपयूक्त नेतृत्व पाउन नसकेको, कमजोर व्यबस्थापनको कारणले गर्दा क्रमश यस संस्था सिथिल हुनु, भएका बसहरु निश्कृय हुन पुग्नु, संचालन योग्य बस समेत लिलाम गरियो ।

- तत्कालिन सरकार **मन्त्री परिषदको २०५८ मंसीर १५ गतेको निर्णयानुसार २०५८ माघ ११ गते** देखि लिक्वीडेटर नियुक्ति गरी **संस्था विघटन** गर्ने काम भयो ।

- यस संस्थाका **केहि कर्मचारीहरुको पहलमा केहि शेयर सदस्यहरुले** सम्मानित पुनरावेदन अदालत पाटनमा निर्णय वदर **मुद्दा दायर गर्नु** भएकोमा उक्त अदालतबाट सरकारले साझा यातायात बन्द गर्न गरेको **निर्णय बदर हुनेगरी २०५९ साल माघ १५ गते फैसला गरी संस्थाको पुर्नस्थापना** भएको हो ।

- **नागरीक समाजका प्रबुद्धवर्गहरु, पत्रकार, साहित्यकार, क्लाकार, कानुनबिद तथा प्राविधिकहरुले** साझा यातायातको दीर्घजीवन र स्थायित्वका लागी स्वतन्त्र रुपमा आ-आफ्नो क्षेत्रबाट सहयोग पऱ्याउने प्रमुख उदेश्य राखी **गठन भएको साझाका साथीसमुह** र स्वच्छ उर्जा नेपालको पहलमा ब्रिटिस राजदुतावासको आर्थिक सहयोगमा यस संस्थामा प्रोजेक्ट स्थापना गरी अध्ययन विश्लेशण गर्ने कार्य सम्पन्न भै सकेको ।

- नेपाल सरकार श्रम तथा यातायात व्यवस्था मन्त्रालयले अदालतको उक्त निर्णयलाई सम्मान गर्दै संस्थालाई पुन: सञ्चालन गरी यसको **व्यवस्थापन कार्य अगाडी बढाउने भनी २०५९ चैत्र १५ गते निर्णय** ग-यो ।
- श्रम तथा यातायात व्यवस्था मन्त्रालयको **२०५९ चैत्र १५ गतेको निर्णयलाई** आधार मानी यस संस्थाको **सञ्चालक समितिको बैठक २०६०/१/२ गते बसी संस्थाको व्यवस्थापन कार्य अगाडी बढाउने** र संस्था प्रमुखको नियुक्ति गर्ने काम भयो।

- विगत **आ.ब. २०४८/४० देखी आ.ब.२०६३/६४ सम्मको हुन नसकेको संस्थाको लेखा परीक्षण सम्पन्न** भई मिति २०६५/ / मा सम्पन्न साधारण सभाबाट समेत पास भई सकेको छ । आ.ब. २०६४/६५ देखी **आ.ब.२०६८/६९ सम्मको** लेखा परीक्षणको कार्य सम्पन्न भएको छ।

- **२०६१ जेष्ठ १ गते** माननीय श्रम तथा यातयात व्यवस्था मन्त्रीज्यूबाट समुद्घाटन गरी काठमाण्डौबाट **पोखरा, भैरहवा र बीरगंज, कलैया रुटहरुमा बस संचालन भए भने संस्थाले पाल्पा तौलिहवा, बाग्लुङ्ग, बेनी, र गोर्खा लगाएतका स्थानमा आफ्नो सेवा विस्तार** गरेको थियो। उपत्यकमा पनि बिहान पशुपतिदर्शन सेवा संचालन गर्दै आएको थियो।

- नेपाल र मित्रराष्ट्र चीनका वीच भएको दुई पक्षीय सम्झौताका आधारमा **सन् २००५ मे १ देखि काठमाडौ-ल्हासा सम्म राष्ट्रिय ध्वजावाहकको रुपमा यस संस्थाले अन्तराष्ट्रिय बस सेवा समेत संचालन** ग-यो। त्यसै गरी निजी क्षेत्र संगको सहकार्यमा **संस्थाको नाम, रंग र लोगो (ट्रेडमार्क) मा काठमाडौ देखि दिल्ली सम्म २ वटा यात्रुबसहरु संचालन भयो। यसै गरी काठमाडौको चक्रपथमा ५० वटा यात्रु बस सेवा संचालन** भएका थिए। **काठमाडौ पोखरा, विराटनगर र भैरहवामा निजी क्षेत्रका २० वटा माइक्रोबसहरु** संस्थाको ट्रेडमार्कमा संचालन गरी **करिब ३ लाख रुपैयासम्म मासिक आम्दानी** भएको थियो। चलिरहेका सबै सेवाहरु समेत विविध कारणबाट अवरोध भई पून: संस्थाको सबै सेवा बन्द हुन पुगे।

- नेपाल सरकार मन्त्रिपरिषदको निर्णय अनुसार साझा यातयात बन्द भई अदालतबाट पूर्नस्थापना भएको करिब १८ महिनाको **कर्मचारीहरुलाई भुक्तानी गर्नु पर्ने दायित्व** नेपाल सरकार अर्थ मन्त्रालयको नाममा हरिहर भवनको ११ रोपनि जग्गा धितो बन्धकिमा राखी **रु.८ (आठ करोड) ऋण प्राप्त भई कर्मचारीहरुको दायित्व भुक्तानी गरीएको** थियो।

- नेपाल सरकार मन्त्रिपरिषदको निर्णय अनुसार साझा यातयात बन्द अवधिको कर्मचारीहरुलाई भुक्तानी गरिएको तलव भत्ता साझा यातायातको कानुनी दायित्व भित्र पर्ने नभई संस्था बिघटनकर्ता नेपाल सरकारको नै हुने हुँदा सो प्रयोजनका लागी नेपाल सरकार अर्थ मन्त्रालयबाट धितो बन्धकीमा प्राप्त रु.८ (आठ करोड) ऋण रकम नेपाल सरकारबाट मिनाह गरी धितो बन्धकिमा रहेको **साझा यातायातको करीव ११ रोपनी जग्गा रोक्का फुकुवाका लागी नेपाल सरकार संग अनुरोध गरी तुरुन्त ऋण मिनाह र जग्गा रोक्का फुकुवा गराउने निर्णय २०६४ भाद्र १६ गते सम्पन्न संस्थाको पाँचौ साधारण सभाबाट निर्णय भयो।**

- साझा यातायात सहकारी संस्था लि. को चौथो साधारण सभाबाट **अधिकृत पुंजी रु १,००,००,०००/– (एक करोड) रहेकोमा** सो अधिकृत पुँजीलाई **वृद्धि गरी रु २५,००,००,०००/– (पचिस करोड) कायम** भएको भयो।

- संस्थाको स्थायीत्व र विकासका लागी संस्था सँग रहेका **भौतिक पुर्वाधारहरु घर,जग्गा, लिज वा भाडामा लगाई** स्थायी आय आर्जनको रुपमा रुपान्तरण गर्ने कार्य शुरु भएको छ। स्थायि सम्पति घर जग्गा भाडामा लगाउदा **हाल मासिक रुपमा करिब रु.६ लाख आम्दानि** प्राप्त छ।

- साझा यातायातमा २०५८ माघ ११ मा **बन्द हुँदा ७२८ जना कर्मचारी कार्यरत** थिए।

- साझा यातायात सहकारी संस्था लि.मा हाल सम्म नेपाल सरकारको विभिन्न ६३ निकायहरुको रु.११,१३४,८००/- (७२.५९%), बिभिन्न ८ वटा संघ संस्थाहरुको १,११३,३००/- (७.२६ %) र सर्वसाधारण १४१ जना व्यक्तिहरुको ३,०९१,००/- (२०.१५%) समेत जम्मा **२१२ जना शेयर सदस्य तथा शेयर लगानी यस संस्थामा कायम** रहेका छन्।

- संस्थाको **पाँचौ साधारण सभा २०६४ भाद्र १६ गते** सम्पन्न भयो। त्यसै गरि **२०६६ श्रावण ११ गते सम्पन्न संस्थाको छैठौं साधारण सभा**ले संस्थाको **स्थायी सम्पतिको (जग्गा आदि) हकहस्तान्तरण नहुनेगरि सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने प्रयोजनका लागि सञ्चालक समितिले ब्यबस्थापन करारमा दिन सक्ने** गरि संस्थाको विनियममा संशोधन ग-यो।।

- **२०६७ फागुन २० गते सम्पन्न संस्थाको सातौं साधारण सभाले** संस्थाको **बिनियममा पून: संशोधन** गरि संस्थाको **संचालक समितिको अध्यक्षको चयन सञ्चालक समितिका सदस्य मध्येबाट समितिले आफै गर्ने**_र संस्थाको सञ्चालक समितिको गठन विधि देहाय बमोजिम हुने व्यवस्था गरि संस्थालाई पून: सहकारीकरण तर्फ अगाडि बढाउने कार्य भयो। (क) शेयर सदस्य मध्येको सहकारी बिभागका रजिष्ट्रार एक जना - सदस्य (ख) शेयर सदस्य मध्येको यातायात ब्यबस्था बिभागका महानिर्देशक एक जना - सदस्य (ग) शेयर सदस्यहरु मध्येबाट निर्वाचित ५ जना-सदस्य रहने ब्यबस्था गरेको छ। **बिनियम संशोधन पूर्व श्रम तथा यातायात ब्यबस्था मन्त्रालयका सचिब पदेन अध्यक्ष सहित नेपाल सरकारबाट ५ जना सदस्य रहने र साधारण सभाबाट निर्वाचित २ जना सञ्चालक सदस्य रहने ब्यबस्था थियो।**

❖ **२०६८ जेष्ठ ६ गते सम्पन्न बिशेष साधरण सभाले श्री कनकमणि दीक्षितज्यू,श्री बन्दना थापाज्यू,श्री भुषण तुलाधरज्यू श्री शंकर प्रसाद जोसी ज्यू,श्री बिनोद कुमार अधिकारीज्यूलाई निर्विरोध निर्वाचित** ग-यो। निर्वाचित तथा **नेपाल सरकारको प्रतिनिधिको रुपमा** रहनु भएका सहकारी बिभागका **रजिष्ट्रार श्री सुर्दशन प्रसाद ढकाल,**यातायात व्यबस्था बिभागका **महानिर्देशक श्री कृष्ण प्रसाद दवाडि** समेतको **सञ्चालक समितिको बैठकबाट श्री कनकमणि दीक्षितज्यूलाई अध्यक्षमा चयन** ग-यो।

❖ **संस्थाको स्थायि सम्पतिको रुपमा हरिहर भवनमा रहेको २२ रोपनि जग्गा, केन्द्रीय कार्यालयमा रहेका बिभिन्न किसिमका मेसिनहरु,जेनेरेटर,स्टक स्पेयर पार्टसहरु कार्यालय तथा वर्कशप भवन आदि** रहेका छन्। सवारी साधनको रुपमा पुरानो १ वटा पिकप भ्यान र १ वटा रेकर क्रेन, १ थान फोरकिलिप्ट (मर्मत पछी सञ्चालन गर्न सकिने) त्यस्तै हालै खरिद भएका १६ वटा भारतिय टाटा कम्पनिका बसहरु र १ वटा पिकअप रहेका छन्।

❖ साझा यातायातको_**लगनखेलमा रहेको करिब ६ रोपनि जग्गा आनाको १५ लाखका दरले करिब १२ करोडमा कर्मचारी सञ्चयकोषलाई २०६१ सालमा बिक्री** गरी अनिवार्य अबकाश भएका र स्वेच्छीक अबकाश भएका केही कर्मचारीको दायित्व चुक्ता गरिएको थियो। त्यसै गरी नेपाल टेलिकमलाई भाडामा लगाईएको घर जग्गाबाट आउने भाडा वापतको २०६७ मा ६ बर्षको र २०६८ मा ४ बर्षको गरी १० बर्षको करिब रु. ५ करोड १० लाख अग्रीम भाडा वापतको रकम प्राप्त गरी अनिवार्य अबकाश भएका र स्वेच्छीक अबकाश भएका बाँकी सबै स्थायी कर्मचारीहरुका दायित्व चुक्ता गरी सबै कर्मचारीलाई २०६८ भाद्र मसान्तमा बिदा गरिएको थियो।

❖ साझा यातायातको बिरगंजमा रहेको करिब १६ कठ्ठा जग्गा कठ्ठाको ३५ लाखका दरले करिब ५ करोड ५४ लाख रुपैयामा नेपाल टेलिकमलाई २०६८ सालमा बिक्री गरीएको र सो बिक्रीबाट प्राप्त रकमबाट १६ थान टाटा बस र एक थान पिकअप खरिद गरिएको हो।

❖खुल्ला प्रतिस्प्रर्धाको माध्यामबाट कर्मचारी आपूर्तिका लागि स्थापित सुबिधा सेवा प्रा.ली.को छनोट गरी सोही प्रा.ली. संग सम्झौता गरी बस चालक परिचालक गरी ५० जना कर्मचारीहरु आपूर्ति गरिएको छ। संस्थाको दैनिक प्रशासन सञ्चालनका लागि हाल १६ जना कर्मचारी कार्यरत छन्।

## नँया बस खरिद र पून: सञ्चालन सम्बन्धी जानकारी

❖ साझा यातायात संचालक समितिको मिति ०६८/०१/१५ को निर्णय अनुसार २० वटा बस र एक थान डबल क्याब पिकअप खरिदका लागि अन्तराष्ट्रिय वोलपत्र (ICB) आव्हान गर्न स्विकृत भएको थियो।

❖ वोलपत्रहरु खोल्न तथा वोलपत्रको मुल्याङ्कन गरी संचालक समिति समक्ष सिफारिस गर्न संचालक समितिका सदस्य श्री शंकर राज जोशीको संयोजकत्वमा एक उपसमिति गठन भएको थियो।

❖ उप समितिले नियमानुसार वोलपत्र खोलि पर्न आएका वोलपत्रहरुको मुल्याङ्कन गरि उप समितिको राय सुझाव सहितको प्रतिवेदन मिति ०६८/०४/१० को सञ्चालक समितिको बैठकमा पेश गरेकोले सो समेत ध्यानमा राखि उपसमितिले सिफारीस गरेको न्युनतम मुल्य कवोल गर्ने भारतिय टाटा कम्पनिको नेपालको लागि आधिकारी विक्रेता सिप्रदि ट्रेडि• प्रा.लि. नयां नैकाप काठमाडौंको वोलपत्र स्विकृत गर्ने निर्णय भएको थियो।

❖ भारतिय टाटा कम्पनिका LPO 1512/55 BS III मोडेलका,दुई ढोका भएका,चालकबाट दुबै ढोका नियन्त्रण हुने,यूरो ३ स्टाण्र्डका,५५ सिट क्षमताका १६ वटा बसहरु र सोही कम्पनिको एक थान डबल क्याब पिकअप खरिदका लागि भारतिय टाटा कम्पनिको नेपालको लागि आधिकारी विक्रेता सिप्रदि ट्रेडि• प्रा.लि. नयां नैकाप काठमाडौं संग मिति २०६८/५/२५ (१० सेप्टेम्वर २०१२) मा सम्झौता सम्पन्न भयो।

❖ अन्तराष्ट्रिय वोलपत्र (ICB) आव्हान गरी २० वटा बसहरु किन्ने निर्णय भएको भएता पनि **रकम अभावको कारणबाट १६ वटा बसहरु मात्र खरिद गरिएको र १६ बसको कर, भन्सार बाहेक मुल्य रु. ३,३४,२३,०८०/- र पिकअपको कर,भन्सार बाहेक मुल्य रु. ८,७८,८५०/- परेको र बसहरु तथा पिकअपको भन्सार सहितको मुल्य रु.५,५४,१०,०३६/- पर्न गएको छ।**

❖ नेपाल सरकारका मुख्य सचिब श्री लिलामणि पौडेलज्युबाट २०६८ चैत्र मसान्तमा बस पुन: आरम्भ बिशेष कार्यक्रमको प्रमुख आतिथ्य ग्रहण गरी भव्य समारोहका बिच बस सञ्चालनको पून:आरम्भ गरियो।साथै नँया बर्ष २०७० को मिर्मिरे बिहानी सँगै काठमाण्डौका दुई वटा महत्वपूर्ण रुटमा नेपाल सरकारबाट रुट इजाजत प्राप्त गरी शहरी बस सेवा सञ्चालनमा ल्याएको छ। हाल इजाजत प्राप्त रुटहरुमा लगनखेल- लैनचौर-टिचिङ-नँया बसपार्क, त्यस्तै कलङकी-त्रिपुरेश्वर- बानेश्वर-एअरपोर्ट दुईतर्फि बस सेवा सञ्चालनमा आएको छ।